**मनहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रजैया, मकवानपुर**

प.सं.: २०७९/०८०-
च.नं. : 2026

**बागमती प्रदेश, नेपाल ।**

मिति:२०८०/०३/१३

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर

विषयः निर्णय कार्यन्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८० असार ८ गते शुक्रबार बसेको आ. व. ०७९/८० को बिसौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना सात (७) थान यसै साथ संलग्न छ। सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कारबाही गर्नु गराउनु हुन अनुरोध छ।

..............................
(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८०/०३/०८ गते शुक्रबार बिहान ११:३० बजे आ.व. २०७९/८० को यस मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको बिसौं बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र भट्टराई — वरिष्ठ लेखा अधिकृत

श्री सिर्जना बतौंला — प्रशासन शाखा — सहायक पाचौं

२०८० असार ८ गते बसेको गाउँ कार्यपालिकाको बिसौं बैठकको छलफलका विषयहरु :

१. विगतको निर्णयको समीक्षा सम्बन्धमा ।
२.विभिन्न व्यक्ति तथा संघ संस्थाहरुबाट माग भई आएका योजना/आर्थिक सहायता सम्बन्धमा ।
३. राजश्व बाँडफाडको रकम सम्बन्धमा ।
४. गाउँ सभाको तेह्रौं अधिवशेनको पहिलो बैठकमा पेश हुने विषयवस्तुका सम्बन्धमा ।
५. वडा नं. १ मा रहेको बाल जीवनज्योति माध्यमिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण सम्बन्धमा ।
६. दलित लक्षित कार्यक्रमको शीर्षक परिवर्तन सम्बन्धमा ।
७. विभिन्न कार्यक्रम अनुमोदन सम्बन्धमा ।
८. विपन्न परिवार गरिबसँग विश्वेश्वर स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
९. कार्यपालिका बैठकको मिति तय गर्ने सम्बन्धमा ।
१०. योजनाको शीर्षक परिवर्तन सम्बन्धमा ।
११. भुक्तानीको लागि रकम नपुग सम्बन्धमा ।
१२. विपन्न किसान प्रबर्द्धन कार्यक्रम संचालन सम्बन्धमा ।
१३. बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन सम्बन्धमा ।
१४. मेयर समिट कार्यक्रममा सहभागी सम्बन्धमा ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
गाउँ कार्यपालिकाको बीसौं बैठक

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँ कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णय कार्यान्वयनको चरणमा रहेको समीक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा तपसिल बमोजिम शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | माग गर्नेको विवरण | प्रयोजन | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | सियान पुर्स्थापना केन्द्र, हेटौडा | मनहरी ७ का मानसिक र कुलतमा फसेका २ जना व्यक्तिहरुको औषधि उपचार खर्च बापतको रकम भुक्तानी माग | आर्थिक सहायता | रु.१,२३,०००। | |

२०८० असार ८ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| २. | मनहरी ८ मा खानेपानी लिफ्ट गरी तान्न | गाउँपालिकाको जेनेरेटर प्रयोग गरि पानी तान्न आवश्यक ईन्धन प्रयोग | इन्धन | ३०० लि. डिजल | अनुमोदन |
| ३. | लोकेन्द्रबहादुर मुक्तान मनहरी ३ | डोठे प्रतिक्षालय मर्मत | अन्य सार्वजनिक निर्माणका थप पुर्वाधार | रु. ५०,०००। | |
| ४. | ईलाका प्रहरी कार्यालय नेवारपानी | प्रहरी कार्यालयको सवारी साधन मर्मतको लागि आवश्यक रकम माग | आर्थिक सहायता | रु. २०,०००। | |
| ५. | महेन्द्र किरण मा.वि. वडा नं. ८ | विद्यालय परिसर सम्याउन तथा परिसरमा रहेको रुखको जरा हटाउन जे.सि.बि. माग | अन्य सार्वजनिक निर्माणका थप पुर्वाधार | | १४ घण्टा |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नदीजन्य पदार्थको राजश्व तोकिएको लक्ष्य रु. ३० करोड संकलन गर्न मध्यवर्ती क्षेत्रमा पर्ने राप्ती नदीमा साविकमा वातावरणिय परीक्षण प्रतिवेदन तयारी तथा स्वीकृत गरी उत्खनन संकलनका लागि विभागिय अनुमति पटकपटक प्रयास गर्दा समेत प्राप्त हुन नसकेको, स्थानीय विपद् व्यवस्थापन समितिले बाढिका कारण हुन सक्ने जोखिमपुर्ण स्थानहरु पहिचान गरी ग्राभेल हटाउन अनुरोध गरिएकोमा जिल्ला विपद् ब्यवस्थापन समितिको निर्णयानुसार पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयसँग समन्वय गरी हटाउन सिफारिस गरेकोमा सो कार्यमा समेत समन्वय हुन नसकेकाले स्थानीय राजश्व बाँडफाँट शीर्षकबाट भुक्तानी दिने गरी विनियोजित योजनाका रकमहरु भुक्तानी गर्न कठिनाई पर्ने देखिएकाले वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृत भई राजश्व संकलन नभईन्जेलसम्म प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने राजश्व बाँडफाँडको रकम पठाउन स्थगित गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा मनहरी गाउँपालिकाको तेह्रौं अधिवेशनको पहिलो बैठक नेपालको संविधान र प्रचलित कानून बमोजिम मिति २०८०/०३/१० गते मनहरी गाउँपालिका वडा नं. ८ मा रहेको आमाघर सेवा आश्रमको हलमा आयोजना गर्ने र सो बैठकमा देहायका प्रस्ताव माथि निर्णयार्थ पेश गर्ने निर्णय गरियो। साथै बजेट तथा कार्यक्रम तर्जुमा समितिले पारित गरी पेश गरेको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमलाई पारित गर्दै गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

क) मनहरी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

ख) मनहरी गाउँपालिकाको आर्थिक विद्येयक, २०८०

रन्जन काफ्लेक्षेत्री
अध्यक्ष

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. १ मा रहेको बाल जीवनज्योति माध्यमिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माणको लागि यस आर्थिक बर्षमा ६०,००,०००। विशेष अनुदान उपलब्ध गराई निर्माणको प्रकृया अगाडी बढिरहेको र सो संरचनाको निर्माणको लागि करिब रु.१,५५,००,०००। लागत रहेको सन्दर्भमा संरचना पूरा गर्न नपुग रु. ९५,००,०००। नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको अवधिमा २०८०/०८१ को लागि गाउँपालिकाले २०७९ पुष मसान्तसम्ममा अनलाईन सर्भरमा समस्या भएका कारण पुरानो योजना अनलाईन माग गर्न छुटेको र उक्त बजेटको अभावमा विद्यालयको भवन निर्माण सम्पन्न गर्न कठिनाई हुने हुँदा विद्यालय संरचना निर्माणको लागि आवश्यक रकम विशेष, समपुरक वा सशर्त अनुदानको रुपमा उपलब्ध गराइदिन अनुरोध गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा मिति २०८०/०३/०६ गते बसेको दलित समन्वय समितिको बैठकबाट दलित सीप व्यवसायिकरण शीर्षकमा रहेको रु ५ लाख, अति विपन्न दलितलाई आय आर्जन शीर्षकमा रहेको रु १ लाख र सहभोज जनप्रतिनिधि अन्तरक्रिया कार्यक्रममा रहेको रु १ लाख रकमको शीर्षक परिवर्तन गरि दलित विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण शीर्षकमा जम्मा रु. ७ लाखको कार्यक्रम संचालन गर्ने भनी निर्णय भई आएको हुँदा मनहरी गाउँपालिकाको विद्यालयहरुबाट सिफारिस भई आएका ४६४ जना दलित विद्यार्थीहरुलाई शैक्षिक सामग्री (ब्याग, कापी र कलम आदि) वितरण गर्ने निर्णय गरियो ।

७. प्रस्तान नं. ७ माथि छलफल गर्दा शिक्षा तर्फ चालू आर्थिक बर्षको लागि अभिभावक सचेतना कार्यक्रम शीर्षकमा विनियोजित रु. ३,००,०००। मध्येबाट सो कार्यक्रम कार्यान्वयनको लागि मनहरी गाउँपालिका, सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ९४ बमोजिम गाउँपालिकामा सूचिकृत फर्महरुसँग प्रस्ताव आव्हान गर्दा सबैभन्दा कम रकम प्रस्ताव गर्ने ओपन डोर नेपाल मनहरीसँग मिति २०८०।०३।०५ मा भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो । त्यस्तै मुस्लिम लक्षित कार्यक्रम शीर्षकमा विनियोजित रकम मध्ये मुस्लिम महिलाहरुलाई झोला बुनाई तालिम सञ्चालन गरी बाँकी रहेको रकमबाट मनहरी गाउँपालिका, सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ९४ बमोजिम मुस्लिम महिलाहरुलाई क्रिष्टल गहना बनाउने तालिम सञ्चालनको लागि जनक बैदेहि समाज कल्याण समितिसँग मिति २०८०।०३।०७ मा भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो । त्यस्तै जनजाती समन्वय समिति परिचालन तथा कार्यक्रम कार्यान्वयन शीर्षकमा विनियोजित रकमबाट जनजाति यूवाहरुको नेतृत्व तथा क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्न ग्रेटर तामसालिङ मिडिया प्रा.लि. सँग मिति २०७९।०३।०७ मा भएको सम्झौता समेत अनुमोदन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाले यस आर्थिक वर्षमा कार्यान्वयन हुने गरि करिब २००० घर परिवारलाई लक्षित गरि प्रति परिवार रु.३५००। का दरले स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनको लागि सोको प्रिमियम गाउँपालिकाले व्यहोर्ने गरि रु.७००००००। विनियोजन भएको मिति २०७९ मंसिर २१ गते बसेको

कार्यपालिका बैठकको निर्णय अनुसार प्रत्यक वडामा २०० विपन्न परिवार सूचना प्रकाशन गरि विपन्न परिवार छनौट गरि पठाउन निर्णय समेत भएको हुँदा वडा कार्यालयबाट प्राप्त सूचिलाई अनुमोदन गर्दै सूचिमा संलग्नहरुको बीमा प्रिमियम बिपन्न परिवार गरिबसँग विश्वश्वेर स्वास्थ्य बीमा कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

वडा नं. ९

| सि.नं. | घरमुलीको नाम | सि.नं. | घरमुलीको नाम |
|---|---|---|---|
| २०१. | मिठे कुमारी विष्ट | २०५. | भिमसेन बिश्वकर्मा |
| २०२. | शर्मिला माया घिसिङ | २०६. | सुजन सुनार |
| २०३. | कृष्णबहादुर बिश्वकर्मा | २०७. | रामकाजी सुनार |
| २०४. | कल्पना सुनार | २०८. | सुनिता घलान |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८०/८१ बाट मनहरी गाउँपालिकाको कार्यपालिका बैठक नियमित रुपमा प्रत्येक महिनाको १ गते र १६ गते बस्ने साथै आवश्यकता अनुसार अन्य समयमा पनि आकस्मिक बैठक तथा तोकिएको दिन सार्वजनिक विदा भएमा सोको भोलिपल्ट बस्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिकाबाट वडा नं. १ मा विनियोजित रकमबाट तपसिल बमोजिम रकमान्तर गर्ने भनी वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम शीर्षक परिवर्तन गरी रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | साविकको योजनाको शीर्षक | विनियोजित रकम | क्र.सं. | परिवर्तित योजनाको शीर्षक | संसोधित रकम |
|---|---|---|---|---|---|
| १. | चकरी मकरी गोगनपानी बाटो स्तरीकरण मनहरी १ | रु.६,००,०००। मध्येबाट | १. | राधाकृष्ण खानेपानी चकरी सिंचाई निर्माण मनहरी १ | रु.२,००,०००। |
| २. | विद्युत विस्तार तथा मर्मत योजना मनहरी ३ | रु. १,००,०००। | २. | लामिटार ओम शान्ति भवनको झ्याल ढोका निर्माण तथा मर्मत | १,००,०००। |
| ३. | पशुपतीनाथ मा.वि. मा अध्ययन गर्ने तारुवास देखि माथिका छात्र छात्रालाई साईकल अनुदान कार्यक्रम | रु. ५०,०००। | ३. | वडा कार्यालय स्याउली बजार बाटो ग्राभेल मनहरी ४ | ३,५०,०००। |
| ४. | तिवारी कार्कीटोल सिंचाई ६०/४० योजना मनहरी ४ | ३,००,०००। | | | |

रन्जन कालाक्षेती
अध्यक्ष

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाबाट बिभिन्न मितिमा तपसिल बमोजिमका योज़नाहरुको लागि बजेट बिनियोजन भएकोमा सो शीर्षकमा बजेट नभएकोले उपभोक्ता समितिहरुलाई भुक्तानी दिन कठिनाई भएको हुँदा उक्त तपसिलमा अल्लेखित योजनाहरुलाई भुक्तानी गरिएको शीर्षक संसोधन गर्ने कार्यालयको निर्णय अनुमोदन गरियो ।

क. तपसिल

| सि.नं. | योजनाको नाम ठेगाना | पहिलाको शीर्षक | हाल कायम शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाल्दमार झो.पु.जाने बाटो मर्मत मनहरी ३ | अन्य सार्वजनिक निर्माणका योजनाहरु | अन्य सार्वजनिक निर्माणका थप पुर्वाधार | १५०००० | अनुमोदन |
| २ | ज्यामिरे बगर अधुरो चर्च निर्माण मनहरी ९ | अन्य सार्वजनिक निर्माणका योजनाहरु | अन्य सार्वजनिक निर्माणका थप पुर्वाधार | १४४७९६ | अनुमोदन |
| ३ | दर्दरा कुलो मर्मत मनहरी ५ | अन्य सार्वजनिक निर्माणका योजनाहरु | अन्य सार्वजनिक निर्माणका थप पुर्वाधार | १००००० | अनुमोदन |
| ४ | बस्तीपुरबाट भुन्द्रुङ जोड्ने काठेपुल तथा हेटैडा १९ सान्नान्टारबाट हांडीखोला जोड्ने काठेपुलको | विपद् व्यवस्थापन कोष | अन्य सार्वजनिक निर्माणका थप पुर्वाधार | ३००००० | अनुमोदन |

ख. मनहरी खोला भई मनहरी गाउंपालिकाको वडा नं.८ को राजमार्ग क्षेत्रमा निस्कने नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनहरुको चक्कामा टाँसिएको धुलोहिलोका कारण र राजमार्गमा गुड्ने अन्य सवारी साधनहरुले समेत अत्याधिक धुलो उडाई सिम्पानी क्षेत्रमा यात्रा गर्ने यात्रु तथा स्थानीय बासिन्दाहरुलाई समेत निकै सकस भएको र उडेको धुलोको कारण स्थानीय बासिन्दाहरुलाई समेत स्वास्थ्यमा प्रतिकुल असर परेकोले धुलो न्युनिकरण गर्न तत्कालै पानी हाल्ने कामको लागि गा.पा. चालु तर्फको अमानतबाट नदीजन्य पदार्थ कर संकलन उत्खनन तथा ब्यवस्थापन समेत शीर्षकबाट रु.३,५५,९५०/ को गाउंपालिकासँग सम्झौता भएकोमा उक्त शीर्षकमा बजेट खर्च भई पुग्ने बजेट नभएकोले उक्त शीर्षकबाट रु.५९,९००/ र चालु खर्च तर्फको सरसफाई सेवा शुल्क आन्तरिक श्रोत नगद शीर्षकबाट रु.२,९६,०००/ उपलब्ध गराउने निर्णय गरियो ।

ग. गाउपालिकामा रहेको कर संकलन केन्द्र र कार्यालयको दैनिक नगदी रसिद तथा मालपोत तर्फको सम्पुर्ण राजश्व संकलनको कार्य अनलाईन प्रणाली मार्फत गर्नु पर्ने आवश्यकता देखिएको र उक्त कार्य गर्नको लागि यस कार्यालयमा सो प्रकारको विषयगत विज्ञता भएको प्राविधिक जनशक्ति नरहेको कारण उक्त वेवमा आधारित अनलाईन राजश्व प्रणाली तयार गर्नको लागि चालु तर्फको अमानतबाट नदीजन्य पदार्थ कर संकलन उत्खनन तथा ब्यवस्थापन समेत शीर्षकबाट रु.४,३५,०५०/ भ्याट समेतको गाउंपालिकासँग सम्झौता भएकोमा उक्त शीर्षकमा बजेट खर्च भै पुग्ने बजेट नभएकोले सुचना प्रविधि शाखाबाट कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद शीर्षकबाट भुक्तानी दिन सिफारिस भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।



रन्जन कालाखेती
अध्यक्ष

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिति २०७९/१२/१६ मा बसेको आर्थिक विकास समितिको बैठकबाट कृषि विकास शाखाको आ.व. २०७९०/८० को समानिकरण तर्फको विपन्न किसान प्रवर्द्धन कार्यक्रम शीर्षक अन्तर्गत विपन्न किसानहरु पहिचान गरी पाडी वितरण गर्ने भनी निर्णय भई आएको हुँदा वडा नं. १ र ४ को सिफारिसको आधारमा तपसिल बमोजिमको विपन्न किसानहरुलाई पाडी वितरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | नामथर | वडा नं. | क्र.सं. | नामथर | वडा नं. |
|---|---|---|---|---|---|
| १. | कान्छीमाया तामाङ थोकर | १ | १. | आरती घलान | ४ |
| २. | शान्ती तामाङ | १ | २. | प्रकाश सुनार | ४ |
| ३. | कोपिलामाया स्याङतान | १ | ३. | केशरीकुमारी गर्तौला | ४ |
| ४. | विन्दु वाइबा | १ | ४. | धनबहादुर स्याङतान | ४ |
| ५. | मङ्गलीमाया वाइबा | १ | ५. | जितवहादुर लोप्चन | ४ |
| ६. | फुलमाया गोले | १ | ६. | देवकी हमाल | ४ |
| ७. | सुभद्रा पुडासैनी | १ | ७. | चन्द्र बहादुर थिङ्ग | ४ |
| ८ | लक्ष्मीमाया घलान | १ | ८ | भगवती चेपाङ | ४ |
| ९ | फुलमाया थोकर | १ | ९ | धनमाया चेपाङ | ४ |
| १०. | सुनमाया बुलोन | १ | १०. | दुर्गा चेपाङ | ४ |
| ११ | ढुलीमाया थोकर | १ | ११ | विकाश वर्तौला | ४ |
| १२. | देवकी कार्की | १ | १२. | सुक्रबहादुर चेपाङ | ४ |
| १३. | सरस्वती भण्डारी | १ | १३. | सविता वि.क | ४ |
| १४. | रमामाया प्रजा | १ | १४. | रामशरण सुनार | ४ |
| १५. | खड्काकुमारी बस्ताकोटी | १ | १५. | सरोज मुक्तान | ४ |
| १६. | सम्झना रसैली | १ | १६. | नानीमाया थीङ | ४ |
| १७. | विमला रसैली | १ | १७. | विश्वास पर्जा | ४ |
| १८. | सानोमाया वाइबा | १ | १८. | सरिता स्याङतान | ४ |
| १९. | दानलक्ष्मी हुमागाई | १ | १९. | सुनमाया रुम्बा | ४ |
| २० | राममाया खड्का | १ | २० | सरस्वती विडारी | ४ |
| २१ | मिरा सुनार | १ | २१ | सन्तलाल पर्जा | ४ |
| २२. | रमा उप्रेती | १ | २२. | कृष्णमाया पर्जा | ४ |
| २३. | यसोदा कुवर | १ | २३. | आइतराम पर्जा | ४ |
| २४. | मैया कुवर | १ | २४. | कुमार चेपाङ | ४ |
| २५. | शान्ता जिम्बा | १ | २५. | जगे चेपाङ | ४ |
| २६. | सेतीमाया जिम्बा | १ | २६. | महिस चेपाङ | ४ |
| २७. | सानोकान्छी मुक्तान | १ | २७. | टेकबहादुर वल | ४ |
| २८. | आइतीकुमारी प्रजा | १ | २८. | रुम्बा कान्छा | ४ |
| २९. | सुकुमाया प्रजा | १ | २९. | सरीता सुनार | ४ |
| ३०. | फुलमाया थिङ | १ | ३०. | सुनील पर्जा | ४ |

२०८० असार ८ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | श्रीमाया थिङ | १ | ३१ | इन्द्र चेपाङ | ४ |
| ३२ | कान्छीमाया मुक्तान | १ | ३२ | राजु चेपाङ | ४ |
| ३३. | सुनमाया मुक्तान | १ | ३३. | फुलमाया वनकरीया | ४ |
| ३४. | सितामाया थिङ | १ | ३४. | जुजुमान वनकरीया | ४ |
| ३५. | कान्छीमाया स्याङतान | १ | ३५. | राम वनकरीया | ४ |
| ३६. | उर्मिला मुक्तान | १ | ३६. | पातली जिम्बा | ४ |
| ३७. | माइली गोले | १ | ३७. | चमेली प्रजा | ४ |
| ३८. | सानोकान्छी मुक्तान | १ | ३८. | दिलकुमार मुक्तान | ४ |
| ३९. | सिता मुक्तान | १ | ३९. | हरीकृष्ण वि.क. | ४ |
| ४०. | कान्छीमाया मुक्तान | १ | ४०. | रामकुमार पर्जा | ४ |
| ४१. | कान्छीमाया सिङतान | १ | | | |
| ४२. | कृष्णमाया थिङ | १ | | | |
| ४३. | सुन्तली महत | १ | | | |

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा सामाजिक विकास समितबाट मिति २०८०/०३/०७ गते अतिसिमान्तकृत बर्गका १००० दिनका चेपाङ समुदायका महिलाहरुलाई बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत आयआर्जनको लागि अनुदान कार्यक्रम नारी मुक्ति बचत तथा ऋण सहकारी संस्था मनहरी ३ मार्फत् संचालन गर्ने भनी निर्णय भई आएको हुँदा सोही अनुसार उक्त सहकारी मार्फत् कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा अष्ट्रेलियाको मेल्बर्नमा आगामी अक्टोबर ११ देखि १३ सम्म हुन गईरहेको मेयर एसिया प्यासिफिक सिटिज समिट एण्ड मेयर्स फोरममा सहभागी हुन गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती, प्रमुख प्रशासकीय अधिकृत श्री मोहनकुमार श्रेष्ठ, वडा नं. ३ का वडा अध्यक्ष श्री अनन्तप्रकाश अर्याल र वडा नं. ८ का अध्यक्ष श्री नारायण उप्रेतीलाई पठाउने निर्णय गरियो।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष